गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्थाः २०७३

पत्र संख्याः २०८३/०८४
चलानी नं.

# सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

सूचना नं.:०५/२०८३/०८४

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२२)

यस गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि तपसिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र यस गाउँपालिकाको राजस्व शाखामा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | रोजगार संयोजक | छैठौं | १ जना | राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत |
| २ | ०२/२०८३/०८४ | स्वास्थ्य सहायक (H.A) | पाँचौ | १ जना | आधारभुत अस्पताल संचालन प्रयोजनार्थ |
| ३ | ०३/२०८३/०८४ | स्टाफ नर्स | पाँचौ | ३ जना | |
| ४ | ०४/२०८३/०८४ | अ.हे.व. | चौथो | १ जना | |
| ५ | ०५/२०८३/०८४ | पशु सेवा प्राविधिक | पाँचौ | १ जना | |
| ६ | ०६/२०८३/०८४ | उद्यम विकास सहजकर्ता | चौथो | १ जना | उद्यम विकास कार्यक्रम अन्तर्गत |

१. **शैक्षिक योग्यता तथा न्यूनतम योग्यताः**

क) **रोजगार संयोजकः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। साथै रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ को दफा ५ मा तोकिएको न्यूनतम योग्यता पुरा भएको हुनुपर्नेछ।

ख) **स्वास्थ्य सहायक (H.A) :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह (PCL in General Medicine/HA) वा सो सरह उत्तीर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषद् (Nepal Health Professional Council - NHPC) मा अनिवार्य रूपमा नाम दर्ता (License) भई नवीकरण भएको प्रमाणपत्र

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

ग) **स्टाफ नर्स** : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह (PCL Nursing) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ र नेपाल नर्सिङ काउन्सिल (Nepal Nursing Council) मा अनिवार्य रूपमा नाम दर्ता (Registration) भएको र आवेदन दिने समयमा उक्त प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ।

घ) **अ.हे.व.** : मान्यताप्राप्त शिक्षण संस्थाबाट **CMA (Community Medicine Assistant)** वा **AHW** कोर्ष उत्तीर्ण गरेको हुनुपर्छ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् (Nepal Health Professional Council - NHPC) मा अनिवार्य रूपमा नाम दर्ता भएको र आवेदन दिने समयमा उक्त प्रमाणपत्र नवीकरण (Renew) भएको हुनुपर्नेछ।

ङ) **पशु सेवा प्राविधिक** : पशु विज्ञान (Animal Science) वा पशु स्वास्थ्य (Animal Health) वा भेटेरिनरी (Veterinary Science) विषयमा ३ वर्षे प्राविधिक प्रमाणपत्र तह (Diploma) उत्तीर्ण गरेको वा आई.एस.सी. भेट (I.Sc. vet. Animal/Vet Science) उत्तीर्ण गरेको वा भेटेनरि विषयमा पलस टु उत्तिर्ण गरेको।

च) **उद्यम विकास सहजकर्ता** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता (Enterprise Development Facilitator) सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा CTEVT बाट उद्यम विकास सहजकर्ता विषयमा तह २ वा तह ३ (Level 2 or 3) को सीप परीक्षण परीक्षा उत्तीर्ण गरेको वा CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ वा १८ महिनाको प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको। साथै कम्प्युटर विषय लिई प्लस टु वा सोसरह उत्तीर्ण गरेको वा विज्ञान, व्यवस्थापन, वा अन्य संकायबाट प्लस टु गरेकाहरूको लागि कम्तिमा ६ महिनाको कम्प्युटर डिप्लोमा वा ट्रेनिङ कोर्स पुरा गरेको प्रमाणपत्र।

२. **आवेदन दिने अन्तिम मितिः** २०८३/०५/०५ गतेसम्म कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय समयभित्र।

३. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, कार्यअनुभवका प्रमाणपत्रहरूका प्रतिलिपिहरू, ३ प्रति पासपोर्ट साईजको फोटो। रोजगार संयोजक पदको हकमा: रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ को दफा ५ मा तोकिएको न्यूनतम योग्यता पुरा भएको हुनुपर्नेछ। साथै अदालतबाट नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ। भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ।

४. उमेर

रोजगार संयोजक : २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
स्टाफ नर्स : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।
अ.हे.व. : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत


gaumukhirm2073@gmail.com
web: www.gaumukhimun.gov.np
9857836319

पशु सेवा प्राविधिक : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
उद्यम विकास सहजकर्ता : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
स्वास्थ्य सहायक (H.A.) : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**५. आवेदन दस्तुर:**
रोजगार संयोजक : रु. १०००
स्टाफ नर्स/पशु सेवा प्राविधिक/ स्वास्थ्य सहायक : ७००
अ.हे.व./उद्यम विकास सहजकर्ता: रु. ५००।

**६. दरखास्त दिने स्थान:** गौमुखी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, पुजा, प्युठान।
**७. तलब भत्ता:** सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम।
**८. छनौटको तरिका:**
रोजगार संयोजक : प्रारम्भिक योग्यताक्रमको सूची, लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता।
स्टाफ नर्स/अ.हे.व./पशु सेवा प्राविधिक/स्वास्थ्य सहायक : प्रारम्भिक योग्यताक्रमको सूची, लिखित परीक्षा तथा अन्तर्वार्ता।
उद्यम विकास सहजकर्ता : प्रारम्भिक योग्यताक्रमको सूची, लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता।
९. अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल प्रमाणपत्रका साथ उपस्थित हुनुपर्नेछ।
१०. स्थानीय तहमा कार्य गरेका अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
११. स्टाफ नर्स,अ.हे.व. र स्वास्थ्य सहायकले गौमुखी आधारभुत अस्पतालको आवासमा बसि सेवा प्रदान गर्नुपर्ने छ।
१२. परीक्षा मिति पछि प्रकाशन गरिने छ।
१२. थप सम्पर्कका लागि: रमेश पोखेल, सूचना प्रविधि अधिकृत (९८४००९९१४८)

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत